पत्र संख्याः- २०८३/०८४
चलानी नम्बरः- ५४३

मितिः २०८३/०६/३०

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री शाखा प्रमुखहरू (सबै),
श्री नगर प्रहरी प्रमुख,
श्री सवारी चालकहरू,
श्री कार्यालय सहयोगीहरू,
परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
जोगबुडा, डडेल्धुरा।

आज मिति २०८३/०६/३० गते बसको कर्मचारी बैठकको निर्णयहरू यसै पत्रसाथ संलग्न छन्। सोको कार्यान्वयन गर्नु गराउनुहुन निर्देशन गरिन्छ।

.....
(खगेन्द्र साउँद)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

बोधार्थः
श्री नगर प्रमुख/उपप्रमुखज्यूः जानकारीका लागि।
श्री वडा अध्यक्षज्यूहरू (सबै): जानकारीका लागि।
श्री प्रशासन शाखाः सबैलाई जानकारी गराउनुहुन।

आज मिति २०८३/०६/३० गते यस परशुराम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा शाखा प्रमुखहरू, नगर प्रहरी प्रमुख तथा नगर प्रहरीहरू लगायत अन्य उपस्थित कर्मचारीहरूसँग बैठक बसी देहायको निर्णयहरू गरियो।

उपस्थिति:

१. प्रमुख प्रशासकीय अधिकृत श्री रवीन्द्र पाण्डे
२) स्वास्थ्य शाखा प्रमुख श्री हिम्मत बहादुर धामी
३) राजस्व प्रशासन शाखा प्रमुख श्री पुष्प राज पाण्डेय
४) नगर प्रहरी शाखा प्रमुख श्री डम्बर बहादुर बोहरा
५) वडा अध्यक्ष/ वडा १२ श्री माहवी डाँगी
६) MIS अपरेटर महेशराज अवस्थी
७ पशु अधि डा यु ए खत बहादुर मगर
८ कृषि विकास शाखा लाल बहादुर धामी (सामान्य)
९. चेत राज भट्ट अधिवक्ता प्रशासन
१०. केशव राज पन्त, रोजगार संयोजक
११. सुकमाया बहु नगर प्रहरी सहयोगी
१२ देवी दत्त भण्डा नगर प्रहरी अवान
१३) ने.प्र.ज. तेज ब० खड्का
१४) ने.प्र.ज. जनार्दन जोशी
१५ न.प्र.ज. दिपक बं बोहरा

मिति २०८३ असोज ३० गतेको बैठकका निर्णयहरू:

१. २०८३ सालको बडदशैंको सबैलाई शुभकामना आदानप्रदान गरियो।

२. दशैंको अवधिमा नगर कार्यपालिकाको कार्यालय, लालढुंगा र सिद्धाथान भवन, कभर्डहल, हाँटबजार लगायतका सार्वजनिक भवन तथा सम्पत्तिको सुरक्षा व्यवस्थामा विशेष ध्यान दिने।

३. नगर प्रहरी सहायक निरीक्षकले मातहतका नगर प्रहरीहरूको दैनिक खटनपटन, गस्ती सञ्चालन, आदेश निर्देशन तथा परिचालन गर्ने।

४. नदीजन्य पदार्थको चुहावट, चोरी निकासी तथा अवैधानिक उत्खनन् रोक्ने।

५. दशैंको समयमा नगरका बजारक्षेत्र तथा अन्य क्षेत्रमा सामाजिक विकृति-विसङ्गति बढ्न सक्ने भएकाले वडा समिति, टोल सुधार समिति र नेपाल प्रहरीसँग सहकार्य गरी शान्ति सुव्यवस्था कायम गर्ने।

६. जिन्सी शाखाले दमकल, जेसिबी, जीप, एम्बुलेन्सलाई मर्मत सम्भार गर्ने।

७. दशैंको अवधिमा चालकहरू **श्री तेज बहादुर बोहरा, छविलाल भट्ट, राजेन्द्र बहादुर बोहरा, मोहन बिक र अशोक नाथ** चौबिसै घण्टा तयारी अवस्थामा रहने। सवारी चालकहरूले यस अवधिमा प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख, जिन्सी शाखा तथा सम्बद्ध शाखा प्रमुखहरू र नगर प्रहरी लगायतसँग सम्पर्कमा रहने। यस अवधिमा फोन अफ नगर्ने। अन्य चालकहरू समेत तयारी अवस्थामा रहने।

८. नगर प्रहरीहरूले नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत र नगरपालिकाका शाखा प्रमुखहरू तथा जिम्मेवार कर्मचारीहरूसँग नियमितरूपमा सम्पर्कमा रहने।

९. नगर कार्यपालिकाको कार्यालय, लालढुंगा भवनमा कलावती कुमारी जोशी र कलावती भट्टराई र सिद्धाथान भवनमा कार्यालय सहयोगीहरू श्री भरत थापा र उपेन्द्र बहादुर थापाले आलोपालो गरी मिति २०८३/०६/३१ देखि २०८३/०७/०८ गतेसम्म पालोपहरा गर्ने।

प्रमुख प्रशासकीय अधिकृत